# प्रेस विज्ञप्ती

फाल्गुण ४, २०७७

## सिद्धार्थ बैंकको नँया एटिएम वीरेन्द्र बहुमुखी क्यामपसमा

सिद्धार्थ बैंक लिमिटेडले २०७७ फाल्गुण ४ गते मंगलबार भरतपुर स्थित वीरेन्द्र बहुमुखी क्याम्पसमा एटिएम सेवा सुरु गरेको छ । यस नयाँ एटिएम सेवा थप भएसँगै सिद्धार्थ बैंक लिमिटेडको एटिएम संख्या २ सय ६ पुगेको छ ।

सो एटिएम सेवा वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख दयाराम पौडेलले बैंकका प्रदेश प्रमुख दुर्गा राज पाण्डेयको उपस्थितीमा उद्घाटन गर्नुभएको हो । बैंकले भरतपुर स्थित उक्त क्याम्पसका कर्मचारी, विद्यार्थी साथै अन्य सर्वसाधारण ग्राहकहरुलाई लक्षित गरी सो एटिएम सेवा सञ्चालनमा ल्याएको हो ।

सजिलो बैंकिङ्ग सेवा (शाखारहित बैंकिङ्ग), एटिएम, पिओएस मेसिनका साथै निक्षेप तथा कर्जा सुविधा, घरमै बसेर बैंक खाता खोल्न सकिने अनलाइन सुविधा, रेमिटेन्स सेवा, एटिएम कार्ड, ४५० भन्दा बढि व्यवसायिक केन्द्रहरुबाट विशेष छुट प्राप्त गर्न सकिने गरि जारी गरिएको UNO क्रेडिट कार्ड जस्ता सेवा मार्फत् बैंकले उच्चस्तरिय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंक ग्राहकवर्गहरुको हितलाई मध्यनजर गर्दै देशको अर्थतन्त्र सुदृढ बनाउन हरदम प्रतिबद्ध रहेको छ ।